**बेनी नगरपालिका**

**नगर कार्यपालिकाको बैठक**

**वि.सं. २०८१।०५।१४**

**ने.सं. ११४४ जुलाथ्व, बुधबार**

नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल

## निर्णयहरू

१. भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ बमोजिम तयार गरिएको बेनी नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरणको मापदण्ड अनुसारको भू-उपयोग क्षेत्र नक्सा स्वीकृत गर्ने तथा बेनी नगरपालिकाको स्वीकृत भू-उपयोग क्षेत्र वर्गीकरणको विवरण ऐ. नियमावलीको नियम ५ को उपनियम ५ बमोजिम नापी विभाग, संघीय भू-उपयोग परिषद् तथा प्रदेश भू-उपयोग परिषदमा पठाउने।

२. मिति २०८१।०५।०८ गतेको मनसुनजन्य विपद्का कारण घरजग्गा तथा व्यवसायमा क्षति पुगेका तपसिलका विपद् पीडितहरुलाई उपलब्ध गराइएको राहत रकम अनुमोदन गर्ने :

| क्र.सं. | विपद् पीडितको नाम थर, ठेगाना | बुझिलिएको राहत रकम (रु) | कैफियत |
|---|---|---|---|
| १ | सेती थापा मगर, बेनी न.पा.-१, आनन्दबगर | २५००० (पच्चिस हजार मात्र) | घरमा क्षति |
| २ | आदेवी घिमिरे, बेनी न.पा.-५, बगुवाखोला | २५००० (पच्चिस हजार मात्र) | घरमा क्षति |
| ३ | प्रकाश बानियाँ, बेनी न.पा.-६, डम्मरा | १०००० (दश हजार मात्र) | पोल्टीफर्ममा क्षति |

३. बेनी नगरपालिका मातहतका विद्यालयहरुलाई आवश्यकता अनुसार गाभ्ने, विद्यालय तह वा कक्षा समायोजन गर्ने र शिक्षक दरबन्दी मिलान गर्ने लगायतका कार्यलाई व्यवस्थित गरी बेनी नगरपालिकाको विद्यालय शिक्षालाई समयानुकूल तथा गुणस्तरीय बनाउने उद्देश्यले स्वीकृतिका लागि बेनी नगरपालिकाको नगर शिक्षा समितिमा निर्णय भई पेस हुन आएको "विद्यालय समायोजन, दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यविधि, २०८१" स्वीकृत गर्ने।

४. बेनी नगरपालिका मातहतका सामुदायिक सिकाई केन्द्रमा कार्यरत सहजकर्ताहरुलाई सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी घर-घरमा पुगेर सूचना तथा जानकारी प्रदान गर्ने तथा प्राप्त समस्याहरु आप्रवासी स्रोत केन्द्र वा नगरपालिकामा पेस गर्ने कार्य गर्ने गरी कार्यविवरणमा थप गरेर परिचालन गर्ने।

५. बेनी नगरपालिकाको सार्वजनिक जगाको सम्झौता भाडादर निर्धारण तथा वक्यौता असुली समितिले मिति २०८१।०४।२८ गते गरेका तपसिलका निर्णयहरु अनुमोदन गर्ने।

सुरत के.सी.
नगर प्रमुख

**तपसिलः**

यस नगर क्षेत्रभित्रको सार्वजनिक जग्गा तथा वेनी नगरकार्यपालिकाको कार्यालयको स्वामित्वमा रहने गरी निर्माण गरिएको संरचनामा भाडामा बस्दै आएका तपसिल बमोजिमका पुन भाडामा लिई बस्न चाहने व्यापारी तथा व्यवसायीहरुको २०८१ असार मसान्तमा सम्झौता अवधी सकिएकोले निजहरुलाई २०८१।०४।०१ गते देखि लागु हुने गरी बढिमा १ वर्ष (२०८२ असार मसान्त सम्म) को लागि निजहरुको व्यापार व्यवसायको अवस्था, भौगोलिक अवस्थिती र वहालमा दिइएको संरचनाको अवस्थालाई मध्यनजर गरी तपशिल बमोजिमको भाडादरमा निजहरुसँग भाडा सम्झौता गर्ने।

**तपशिल**

| क्र.स. | भाडामा बस्नेको विवरण | मासिक भाडा दर (रु) | स्थान |
|---|---|---|---|
| १. | कालिगण्डकी आयल सप्लायर्स | २३३८३ | कालिपुल कि.न. ७९को क्षे.फ. २-८-०-० सार्वजनिक जग्गा |
| २. | गणेश शर्मा | ११००० | ७ नं. वडा कार्यालय अगाडी |
| ३. | सरोज श्रेष्ठ | १०००० | कालिपुल सटर नं.२ |
| ४. | मनकुमारी सुनार | १०००० | कालिपुल सटर नं. ४ |
| ५. | निलगीरी यातायात | १०००० | कालिपुल सटर नं. ३ |
| ६. | शुशीला दर्जी | १०००० | कालिपुल सटर नं. ५ |
| ७. | झ बहादुर कामी | २४०० | कालिपुल पिपलवोट मोटरबाटो मुनी १२ हात सार्वजनिक जग्गा |
| ८. | गणेश बानियाँ | ९४७२ | मालपोत कार्यालय अगाडी छाप्रो नं. |
| ९. | पार्वती बनियाँ | ९००० | मालपोत कार्यालय अगाडी छाप्रो नं. |
| १०. | सरस्वती पौडेल | ३६५०० | ८ नं. वडा कार्यालयको सटर तथा कोठा |
| ११. | टुक बहादुर लोहोर | २५०० | गलेश्वर जाने बाटोको मुनी १२.५ सार्वजनिक जग्गा |
| १२. | हरियाली ग्रुप प्रा.ली. | १२००० वार्षिक | वेनी न.पा. ४ मा रहेको कि.न.१७० र १९३ को सार्वजनिक जग्गा |

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

६. बेनी नगरपालिकाको एकिकृत शहरी पूर्वाधार विकासका लागि सघन शहरी तथा भवन निर्माण आयोजना, बाग्लुङद्वारा सञ्चालन हुने गरी नेपाल सरकारबाट प्राप्त भएको बहुवर्षिय आयोजना अन्तर्गत तपसिलका निर्माण कार्यहरु गर्ने गरी प्रक्रिया अगाडि बढाउने ।

**तपसिल:**

क) मुख्य शहरी पूर्वाधार योजना तर्फ (न्यूनतम ६ मिटर Right of Way कायम हुने गरी):

- कालीपुल देखि नगरपालिका अगाडि म्याग्दी पुल सम्मको रिङ रोड
- म्याग्दी मुल देखि लम्ब्लि हिल सम्म सडक निर्माण

ख) आयआर्जन सम्बन्धी पूर्वाधार योजना तर्फ:

- कालिपुल बसपार्क व्यवस्थापन, बेनपा-८
- म्याग्दीपुल बसपार्क व्यवस्थापन, बेनपा-७

ग) सामुदायिक पूर्वाधार योजना तर्फ:

- बेनी शान्ती पार्क निर्माण

७. बेनी नगरपालिकाका ३४० जना सिमान्तकृत, कमजोर तथा विपन्न महिलाहरुलाई आयआर्जन तथा वित्तीय साक्षरता अभिवृद्धिमा सहयोग गर्नका लागि संयुक्त राष्ट्र संघ विकास कार्यक्रम (UNDP) र बेनी नगरपालिकाबीच २०२४ अगस्ट ६ मा भएको समझदारी पत्र (Memorandum of Understanding) बमोजिम वडा कार्यालयबाट सिफारिस भई बेनी नगर कार्यपालिकाको कार्यालयबाट छनौट भएका अनुसूची (१) मा उल्लिखित महिलाहरुलाई उक्त कार्यक्रममा समावेश गर्ने गरी प्रक्रिया अगाडि बढाउने ।

८. बेनी नगर कार्यपालिकाको कार्यालय र मातहतको वडा कार्यालयहरु मार्फत् आ.व. २०८१।८२ का स्वीकृत कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न १० वटै वडाहरुमा उपभोक्ता अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गर्ने ।

९. बेनी नगरपालिकाको आ.व. २०८१।८२ को बजेटमा भौतिक पूर्वाधार तर्फ "वडा कार्यालय कोठा थप तथा व्यवस्थापन (समपुरक), बेनपा ७" शिर्षकमा विनियोजित रु १५ लाखबाट साझेदारीमा योजना सञ्चालन गर्नका लागि जिल्ला समन्वय समितिको कार्यालय, म्याग्दीलाई अनुरोध गर्ने ।

नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख